बैठक संख्या : ८४ (चौरासी)
समय : बिहान

आज मिति २०८० आषाढ ८ गते विदुर नगरपालिकाका प्रमुख श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | प्रमुख | |
| २ | श्री प्रभा बोगटी | उप प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्यामकृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रविन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तमाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत वहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिव वहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | Sitaram |
| १९ | श्री इन्दिर मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री विन्द्या तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

Scanned with CamScanner

## ८४ औं कार्यपालिका बैठक (२०८०।०३।०९)

### विषय सूचीः

१. ८३ औं नगर कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा
२. आ व २०८० ⁄ ८१ को नीति तथा कार्यक्रम सम्बन्धमा
३. आ व २०८० ⁄ ८१ को आर्थिक ऐन सम्बन्धमा
४. आ व २०८० ⁄ ८१ को विनियोजन ऐन तथा बजेट सम्बन्धमा
५. विविध
   क) IEE सम्बन्धमा
   ख) आ.व. २०७४।०७५ मा निर्माण भएको भुडीखोप खानेपानी भुक्तानी सम्बन्धमा
   ग) अवकास स्वास्थ्य स्वयंसेविका सुविधा सम्बन्धमा
   घ) पवित्रा हाउजिङ खानी सम्बन्धमा

### निर्णयहरूः

**प्रस्ताव नं १: ८३ औं नगर कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा**

**निर्णय नं. १)**

नगर कार्यपालिकाको ८३ औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने ।

**प्रस्ताव नं २. आ व २०८०/८१ को नीति तथा कार्यक्रम सम्बन्धमा**

**निर्णय नं. २)** आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम कार्यपालिकाबाट अनुमोदन गरी नगर सभामा पेश गर्ने ।

**प्रस्ताव नं ३. आ व २०८०/८१ को आर्थिक ऐन सम्बन्धमा**

**निर्णय नं. ३)** आ.व. २०८०।०८१ को आर्थिक ऐन कार्यपालिकाबाट अनुमोदन गरी नगर सभामा पेश गर्ने ।

**प्रस्ताव नं ४. आ व २०८०/८१ को विनियोजन ऐन तथा बजेट सम्बन्धमा**

**निर्णय नं. ४)** आ.व. २०८०।०८१ को विनियोजन ऐन कार्यपालिकाबाट अनुमोदन गरी नगर सभामा पेश गर्ने ।

Scanned with CamScanner

प्रस्ताव नं ५. विविध

निर्णय नं. ५)

क) IEE सम्बन्धमा

रियल इम्प्याक्ट डिजाइन सोलुसन इन्जिनियरिङ प्रा.लि ले कार्यपालिकामा पेश गरेको प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन अनुमोदनको लागि नगरसभामा पेश गर्ने ।

ख) आ.व. २०७४।०७५ मा निर्माण भएको भुडीखोप जोगीडाडा खा.पा भुक्तानी सम्बन्धमा

आ.व. २०७४।०७५ मा निर्माण भएको भुडीखोप जोगीडाडा खानेपानी आयोजनाको आ.व. २०७४।०७५ को मुल्याकंन अनुसार मुल्याकंन गरि आगामी आर्थिक वर्षमा भुक्तानी दिने ।

ग) अवकास स्वास्थ्य स्वयंसेविका सुविधा सम्बन्धमा

यस नगरपालिका अन्तर्गत कार्यरत स्वास्थ्य स्वयंसेविका अवकाश हुदा १० वर्ष देखि १५ वर्ष नपुग्दा सम्म सेवा गरे वापत एकमुष्ट रु. ५०,०००।, १५ वर्ष देखि २० वर्ष नपुग्दै सेवाबाट अवकाश भएमा एकमुष्ट रु ७५,०००। र २० वर्ष माथि जति सुकै सेवा गरेको भएता पनि एकमुष्ट रु १,००,०००। सेवा सुविधा दिने निर्णय गरी अनुमोदनको लागि नगर सभामा पेश गर्ने गरियो ।

घ) पवित्रा निर्माण हाउजिङ प्रा.लि. खानी सम्बन्धमा

पवित्रा निर्माण हाउजिङ प्रा.लि.ले आ.व. २०७८।०७९ मा यस नगरपालिकामा खानी पुग्ने बाटो वनाउदा निस्किएको वालुवा वापत राजश्व बुझाई कार्य गरेकोमा बाटो बाहेक अनियमितता गरि धेरै नगरपालिकाको सार्वजनिक क्षेत्रबाट बालुवा उत्खनन् गरी दुरुपयोग गरेको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरी सम्बन्धमा पछि निर्णय भए अनुसार हुने गरि पवित्रा निर्माण हाउजिङले

संम्झौता गरेको जग्गाको खानी नगरपालिकाले चिन्ह लगाई तोकिदिएको बाटोबाट सार्वजनिक सुनुवाई गरि खानीजन्य बालुवा उत्खनन् गर्ने अनुमति दिने निर्णय गरियो ।

Scanned with CamScanner